मिति : २०८२/०६/०५, कापा बैठक संख्या: ०६-०८२/८३

बैठक नं. ६

आज मिति २०८२ साल आश्विन ५ गते आइतबार (ने.सं. ११४५, ञंलागा, आमै) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री नवराज ढकालज्यूको अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समय: बिहानको ठिक ११:०० बजे।

स्थान: कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

<u>उपस्थिति:</u>

| क.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरुङ | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

सहयोगीहरु

| | | | |
|---|---|---|---|
| १५ | | श्री सन्तोष गैरे | लेखा अधिकृत |
| १६ | | श्री गिरीराज अर्याल | प्रशासकीय अधिकृत |
| १७ | | श्री नगेन्द्र मल्ल | स. कम्प्युटर अधिकृत |
| १८ | | श्री जित बहादुर कार्की | कार्यालय सहयोगी |

CamScanner

मिति : २०८२/०६/०५, का.पा बैठक संख्या: ०६-०८२/८३

प्रस्तावहरु

६.१ करार कर्मचारीहरूको म्याद थप सम्बन्धमा,

६.२ शुभकामना ज्ञापन सम्बन्धमा,

६.३ विविध,

निर्णयहरू

६.१. करार कर्मचारीहरूको म्याद थप एवं सेवा सुविधा पुनरावलोकन सम्बन्धमा,

यस गाउँपालिका अन्तर्गतका कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा विगत लामो समयदेखि करार तथा ज्यालादारी रुपमा कार्यरत कर्मचारीहरुको सेवा करार म्याद मिति २०८२ असार मसान्तमा समाप्त भई म्याद थपका लागि सम्बन्धित कर्मचारीहरूबाट म्याद थपको निवेदन पेश भएको र निजहरूको काम सन्तोषजनक देखिएको तथा निजहरुको निरन्तरता नभएकोमा जनशक्ति अभाव भई कार्यसम्पादनमा कठिनाई हुने देखिएकाले सम्पूर्ण करार तथा ज्यालादारीमा कार्यरत रहेका कर्मचारीहरुसँग देहाय अनुसार सेवा सुविधा कायम हुने गरी मिति २०८२ आश्विन मसान्त सम्मको लागि करार सम्झौता गर्ने ।

देहाय

| क्र.सं. | पद | तलब स्केल | चाडपर्व | पोशाक | कैफियत |
|---|---|---|---|---|---|
| १. | रोजगार सेवा केन्द्र | | | | |
| क | रोजगार संयोजक | शशर्त कार्यक्रमले तोकिए बमोजिम | खाइपाइ आएको तलबको सालबसाली १ महिना | चैत्र महिनामा रू.१०००० | साविक बमोजिम |
| २. | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण | | | | |
| क | MIS अपरेटर | शशर्त कार्यक्रमले तोकिए बमोजिम | ,, | ,, | शशर्त+गापा स्रोत |
| ख | फिल्ड सहायक | ,, | ,, | ,, | ,, |
| ३. | सामी परियोजना | | | | |
| क | मनोसामाजिक परामर्शकर्ता | ३०००० | ,, | ,, | शशर्त+गापा स्रोत |
| ख | वित्तीय साक्षरताकर्ता | ३०००० | ,, | ,, | ,, |
| ४. | स्वास्थ्य तर्फ | | | | |
| क | अ.हे.व. | २७००० | ,, | ,, | गाउँपालिका स्रोत |
| ख | अ.न.मि. | २७००० | ,, | ,, | ,, |
| ग | ल्याव असिष्टेण्ट | २३००० | ,, | ,, | ,, |
| घ | एम्वुलेन्स चालक | साविक बमोजिमनै | ,, | ,, | ,, |

मिति : २०८२/०६/०५, का.पा बैठक संख्या: ०६-०८२/८३

| | | | | | |
|---|---|---|---|---|---|
| ङ | कार्यालय सहयोगी | १९५५० | | " | " |
| ५. | प्रशासन कर्मचारी तर्फ (गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरू) | | | | |
| क | सहायक कम्प्युटर अपरेटर | ३०००० | | " | " |
| ख | अमिन | साविक बमोजिमनै | " | " | " |
| ग | हलुका सवारी चालक | " | " | " | " |
| घ | नगर प्रहरी हवल्दार | २४००० | " | " | " |
| ङ | नगर प्रहरी जवान | २२५०० | " | " | " |
| च | सुरक्षा गार्ड | २२५०० | " | " | " |
| छ | इलेक्ट्रिसियन/प्लम्वर | साविक बमोजिमनै | " | " | " |
| ज | कार्यालय सहयोगी | २२००० | " | " | " |
| ६. | सूचना प्रविधितर्फ | | | | |
| क | सूचना प्रविधि अधिकृत | शशर्त | " | " | PLGSP+गापा स्रोत |
| ७. | गरिबी निवारणका लागि उद्यम विकास | | | | |
| क | उद्यम विकास सहजकर्ता | ३२९०२ | " | " | शशर्त+गापा स्रोत |
| ८. | वन | | | | |
| क | वन प्राविधिक | शशर्त कार्यक्रमले तोके बमोजिम | " | " | शशर्त |
| ९. | एक गाउँ एक कृषि प्राविधिक | | | | |
| क | ना.प्रा.स. | ३०००० | " | " | शशर्त+गापा स्रोत |
| ख | ना.प.से.प्रा. | ३०००० | " | " | " |

*उपरोक्त सबै कर्मचारीहरूलाई समेत सभावाट पारित सेवा सुविधा सम्वन्धी मापदण्ड अनुसार अन्य सेवा सुविधा उपलब्ध गराउने र सामाजिक सुरक्षा कोषकट्टी कार्यपालिकाको निर्णय वमोजिम हुने साथै करार कर्मचारीहरूको मंहगी भत्ता नेपाल सरकार तथा प्रदेश सरकारको परिपत्र अनुसार हुने ।*

६.२ शुभकामना ज्ञापन सम्वन्धमा,

हिन्दुहरुको महान चाड विजयादशमीको अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण कञ्चनवासी वुवा आमा दाजुभाई तथा दिदी बहिनिहरुलाई विजयदशमीको पावन अवसरमा सु-स्वास्थ्य, दिर्घायू र उत्तरोतर प्रगतिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने ।साथै पर्वलाई भडकिलो नवनाई इज्जत, आमद र गच्छ अनुसार मनाउनका लागि अपिल गर्नुका साथै चाड पर्वका समयमा हुने अवाञ्छित र अमर्यादित गतिविधि रोक्नका लागि सम्पुर्णमा अनुरोध गर्ने।

नवराज ढकाल
गा. पा. अध्यक्ष

CamScanner

कञ्चन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन-२, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

६.३. विविध,

क. कार्यपालिका बैठकमा निर्णयहरूको समीक्षा सम्बन्धमा,

गाउँ कार्यपालिकाका यस अघि बसेका बैठकका निर्णयहरूको समीक्षा गरियो ।

माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

**अन्त्यमा,** गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट छैठौं कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यपालिकाको बैठक अन्त्य भएको घोषणा गर्नु भयो।

नवराज ढकाल
गा. पा. अध्यक्ष

कञ्चन गाउँपालिका